## सिद्धार्थ बैंक लिमिटेडका शेयरधनी महानुभावहरुलाई
## सत्रौं वार्षिक साधारणसभाको सूचना

**श्री शेयरधनी महानुभावहरू,**

यस बैंकको मिति २०७५ साल मंसिर २० गते (तदनुसार ०६ डिसेम्बर २०१८) का दिन बसेको सञ्चालक समितिको ३०५औं बैठकको निर्णयानुसार बैंकको सत्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवम् उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**१. सभा हुने मिति, समय र स्थान**

मिति : २०७५ साल पौष २३ गते सोमबार (तद्अनुसार ०७ जनवरी २०१९)
स्थान : राष्ट्रिय सभागृह, प्रदर्शनी मार्ग, काठमाडौं
सभा शुरु हुने समय : बिहान ११ बजे
उपस्थिति पुस्तिका बिहान ९ बजे देखि नै खुल्ला राखिने छ ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७४/७५ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्तको वासलात र मिति २०७४ श्रावण १ देखि २०७५ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब, सोही अवधीको नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र तत्सम्बन्धी अनुसूचीहरु पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी “सिद्धार्थ क्यापिटल लि.” को आ.व. २०७४/७५ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७५/७६ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (बहालवाला लेखापरीक्षक श्री एसएआर एसोसिएटस् ,चार्टड एकाउण्टेण्ट पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

५. बैंकको चुक्ता पूँजी रु ८,४६,४३,८५,२७६ को ८.१६ प्रतिशतका दरले रु. ६९,०६,९३,८३८ (अक्षरेपी उनान्सत्तरी करोड छ लाख त्रियानब्बे हजार आठ सय अडतिस रुपैंया मात्र) नगद लाभांश ( बोनस शेयर तथा नगद लाभांशमा लाग्ने कर समेत) प्रदान गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।

**(ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजी रु ८,४६,४३,८५,२७६ को ५ प्रतिशतका दरले हुने रु. ४२,३२,१९,२६४ (अक्षरेपी बयालीस करोड बत्तिस लाख उन्नाइस हजार दुई सय चौसठ्ठी रुपैंया मात्र) बराबरको बोनस शेयर प्रदान गर्ने । साथै, सो अनुसार बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अंक (Fraction) लाई सम्बन्धित शेयरधनीले प्राप्त गर्ने नगद लाभांशबाट कट्टा/समायोजन गरी सो भिन्न अंकलाई पूर्ण अंक कायम गरी बोनस शेयर जारी गर्ने र सो का कारण जारी तथा चुक्ता पूँजीमा हेरफेर हुने भएमा सो हदसम्म मिलाई आवश्यक जारी तथा चुक्ता पूँजी कायम गर्न संचालक समितिलाई स्वीकृती प्रदान गर्ने र सो गर्दा समेत भिन्न अंक (Fraction) बाँकी भएमा यथावत राख्ने ।

२. माथि विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गरेका कारण हुने पूँजी वृद्धि लगायतका विषयहरु समावेश गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/ थप गर्ने ।

SiddharthaBank

३. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

४. संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न संस्थाहरुलाई सहयोग स्वरुप प्रदान गरिएका रु. एक लाख भन्दा माथिको अनुदान तथा सहयोग रकम उपलब्ध गराउने सञ्चालक समितिको निर्णयलाई कम्पनी ऐन बमोजिम अनुमोदन गर्ने ।

**(ग) विविध**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी संक्षिप्त जानकारी**

१) साधारण सभाको प्रयोजनको लागि मिति २०७५ साल पौष ०९ गते एक दिनको लागि बैंकको शेयर दाखिल खारेज दर्ता बन्द गरिनेछ । सो दिनभन्दा अघि शेयर बाँडफाँड भई वा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सो दिनभन्दा अघि कारोबार भई बैंकको शेयरधनीदर्ता किताबमा कायम शेयरधनीहरुले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नु हुनेछ ।

२) शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् । शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

३) संयुक्त रुपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरुद्वारा मनोनित गरिएको साझेदारले वा निजहरुले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोहि व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ ।

४) सभामा भागलिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले बैंकको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ ।

५) प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधिपत्र यस बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लिमिटेड नारायणचौर, नक्साल, काठमाण्डौंमा बुझाई सक्नुपर्नेछ ।

६) प्रतिनिधि नियुक्त गरी सोको लागि प्रतिनिधि पत्र यस बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाण्डौंमा बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सोको सूचना सभा सुरु हुनभन्दा ४८ घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाण्डौंमा नै दिनुपर्नेछ ।

७) एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा दफा ६ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि बदर हुनेछ ।

८) प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै यस बैंकको शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि., नारायणचौर, नक्साल, काठमाण्डौंमा बुझाई सक्नुपर्नेछ ।

९) विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको बिषयबारे **सभा हुनुभन्दा ७ दिन अगावै बैंकको हात्तीसार**, काठमाण्डौ स्थित प्रधान कार्यालयमा जानकारी दिनुपर्नेछ । त्यसरी जानकारी नदिएको विषय **उपर छलफल गर्न सकिने छैन** ।

१०) शेयर प्रमाण-पत्र वा शेयर स्टेटमेण्ट प्राप्त गरी नसक्नु भएका शेयरधनीले यस बैंकको **शेयर रजिष्ट्रार सिद्धार्थ क्यापिटल लि., नारायणचौर**, नक्साल, काठमाण्डौंबाट शेयर प्रमाण-पत्र वा आफ्नो हितग्राही खाता रहेको संस्थामा गई **स्टेटमेण्ट लिनु पर्नेछ । सभाको दिन सभाकक्षमा** शेयर प्रमाण-पत्र वितरण गरिने छैन ।

११) आफ्नो परिचयपत्र सहित बैंकले जारी गरेको प्रवेश-पत्र वा शेयर प्रमाण पत्रवा बैंकको **शेयर अभौतिकीकरण गरेको देखिने अभौतिकीकरण** खाता (DMAT Account) को विवरण (BOID Statement) प्रस्तुत गरेपछि मात्र सभाकक्ष **भित्र प्रवेश गर्न पाईनेछ** ।

१२) सभाको दिन सभा शुरु हुनुभन्दापहिले नै उपस्थित भईदिनुहुन हार्दिक अनुरोध गर्दछौं । **साथै शेयरधनी महानुभावहरुको सुविधाको लागि** सभा हुने दिन बिहान ९:०० बजेदेखि हाजिर पुस्तिका खुल्ला रहनेछ ।

नोट :

१. साधारणसभासँग सम्वन्धित वार्षिक प्रतिवेदन र छलफलका विषयहरु यस बैंकको वेबसाइट www.siddharthabank.com मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं ।

२. अन्य जानकारीको लागि बैंकको रजिष्टर्ड कार्यालय, हात्तीसार काठमाण्डौं स्थित कम्पनी सचिवको कार्यालय (टेलिफोन नं. ०१-४४४२९१९/४४४२९२०) मा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।